**२०७९ साल असार २६ गते आइतबारका दिन विहान ११:०० बजे बसेको राक्सिराङ्ग गाउँ कार्यपालिकाको ७९औं बैठकबाट भएको निर्णयहरुको संक्षिप्त व्यहोरा निम्न बमोजिम छन् :**

निर्णय नं. १:

गत विगतका बैठकहरुबाट भए गरेका निर्णयहरुको समिक्षा गरि कार्यान्वयन हुन बाँकि निर्णयहरुलाई यथाशिघ्र कार्यान्वयन गर्ने ।

निर्णय नं. २:

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम सबै स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको विकासको बार्षिक नीति तथा कार्यक्रम तर्जुमा गरी लागू गर्नुपर्ने कानूनी व्यवस्था र स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ बमोजिम स्थानीय तहले बार्षिक रुपमा विकासको बार्षिक कार्यक्रम, विनियोजन विधेयक गाउँ सभामा पेश गर्नुपर्ने व्यवस्था गरेको हुँदा विषयगत समितिहरुबाट छलफल भई आगामी आर्थिक बर्षको लागि राक्सिराङ्ग गाउँपालिकाबाट सञ्चालन गरिने विकासका आयोजना तथा कार्यक्रमहरु समेटेर तैयार भएको आर्थिक बर्ष २०७९/०८० को विनियोजन विधेयक, २०७९ स्वीकृत गरी सभामा पेश गर्ने ।

निर्णय नं. ३:

नेपालको संविधानको धारा २१७ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय स्तरमा देखिने सामान्य देवानी प्रकृतिका विवादहरुलाई स्थानीयस्तरमै निरुपण गर्न र कानून बमोजिम आफ्नो अधिकार क्षेत्र भित्रका विवाद निरुपण गर्न प्रत्येक गाउँपालिकामा उपाध्यक्षको संयोजकत्वमा तीन सदस्यीय न्यायिक समितिको परिकल्पना गरिएको छ । यसै सन्दर्भमा गाउँ कार्यपालिकाको मिति २०७९/०३/०६ गतेको ७७ औं बैठकबाट न्यायिक समितिको सदस्यहरुमा श्री हरि बहादुर प्रजा तथा श्री सजिना मुक्तान नेपालीलाई मनोनयन गरिएको प्रस्ताव स्विकृतिका लागि सभामा पेश गर्ने ।

निर्णय नं. ४:

विषयगत समितिहरुबाट आएका राय सुझाव बमोजिम आर्थिक बर्ष २०७९/०८० को लागि पेश भएको राक्सिराङ्ग गाउँपालिकाको संलग्न राजस्व तथा व्ययको अनुमान (बजेट) स्वीकृत गरी सभामा पेश गर्ने ।

सो बजेट तथा कार्यक्रमहरमा स्रोत अभावका कारण समावेश गर्न नसकिएका तर वडास्तरदेखी नै माग भई आएका योजना तथा कार्यकमहरुलाई पहिलो प्राथमिकतामा राखी संघीय र प्रदेश सरकारसँग माग गरी कार्यान्वयन गर्ने ।

निर्णय नं. ५:

गाउँसभा सञ्चालन कार्यविधि, २०७४ को दफा ४८ बमोजिम कार्यपालिकालाई सभाप्रति उत्तरदायि बनाउन, स्थानीय कानून निर्माण प्रकृयालाई व्यवस्थित बनाउन तथा कार्यपालिकाबाट भएका कारवाहीको अनुगमन र मूल्याङ्कन गरी आवाश्यक निर्देशन दिन समेत प्रयोजनको लागि देहाय बमोजिमको समिति गठन गर्नुपर्ने व्यवस्था भएकोले तपसिल अनुसारको समिति गठन गरी देहाय बमोजिमको संयोजक, सदस्य र सदस्य- सचिव मनोनयन गरी सभामा स्विकृतिका लागि पेश गर्ने ।

तपसिल:

| सि.नं. | समिति | पदाधिकारीको नाम, थर | पद | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | विधायन समिति | श्री शुकराज प्रजा | संयोजक | ९८४५७७६८९३ |
| | | श्री अनिता शाह | सदस्य | ९८४५६३८२८३ |
| | | श्री सूर्य बहादुर थिंग | सदस्य | ९८४५०५६६२१ |
| | | श्री निशिथ प्रसाद शर्मा | सदस्य-सचिव | ९८५५०७०५४३ |
| २ | लेखा समिति | श्री तिलक बहादुर मुक्तान | संयोजक | ९८४४२३०२७० |
| | | श्री पूर्ण बहादुर मुक्तान | सदस्य | ९८४११९६३१६ |
| | | श्री चमेली बि.क | सदस्य | ९८४०५०९८१३ |
| | | श्री सत्येन्द्र आचार्य | सदस्य-सचिव | ९८५५०६८५७० |

राक्सिराङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय राक्सिराङ, मकवानपुर बागमती प्रदेश, नेपाल

दैव चन्द्र गातौला
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ६**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्रानुसार यस गाउँपालिकामा समायोजन भएका सहायक स्तर पाँचौ तहका स्थायी कर्मचारी र लोक सेवा आयोगको सिफारिस बमोजिम स्थायी नियुक्त भएका सहायक स्तर पाँचौ तहका कर्मचारीहरुलाई प्रदेश सरकारद्वारा जारी भएको स्थानीय सेवाको गठन र सञ्चालन सम्बन्धी अध्यादेश, २०७८ को दफा ३० बमोजिमको सेवा अवधि र शैक्षिक योग्यता लगायतका आवश्यक प्रमाण पुरा भएको प्रमाण सहीत निवेदन प्राप्त भएमा तह बृद्धि गर्ने र सहायक स्तर चौथो तहमा कार्यरत कर्मचारीहरुलाई सोही अध्यादेशको दफा ९ उपदफा (२) बमोजिम सेवा अवधि पुरा गरेका कर्मचारीहरुलाई स्वतः एक तह बृद्धि गर्ने प्रयोजनको आवश्यक छानवीन गरी सिफारिस गर्न अधिकृत सातौं, श्री गोविन्द अधिकारीलाई जिम्मेवारी तोक्ने र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्रानुसार यस गाउँपालिकामा समायोजन भएका अधिकृत स्तर सातौं तहका स्थायी कर्मचारी श्री राजेन्द्र भट्टराईलाई आठौं तहमा तह बृद्धि गर्ने ।

**निर्णय नं. ७ (विविध):**

संघीय सरकारबाट प्राप्त हुने अनुदान रकम कटौती भई स्रोत व्यवस्थापनमा कठिनाई परेको हुँदा तपसिलमा उल्लेखित विभिन्न आधारभूत स्वास्थ्य ईकाईहरुमा कार्यरत करार सेवाका कर्मचारीहरुलाई २०७९ श्रावण ०१ बाट करार सेवाको म्याद थप नगरी देहाय बमोजिमको सेवा सुविधा रहने गरी पुनः विज्ञापन गरी पदपूर्ति गर्ने ।

देहाय:

- हे.अ., सहायक पाँचौ तहको लागि आधारभूत मासिक पारिश्रमिक रु. २८,०००/
- अ.न.मी./अ.हे.ब., सहायक चौथो तहको लागि आधारभूत मासिक पारिश्रमिक रु. २५,०००/
- कार्यालय सहयोगीको लागि आधारभूत मासिक पारिश्रमिक रु. १७,०००/

**द्रष्टव्य : निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरु आवश्यक भएमा गाउँ कार्यपालिकाको कार्यालयबाट प्राप्त हुनेछ ।**

राक्सिराङ्ग गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मकवानपुर बागमती प्रदेश, नेपाल

देव चन्द्र गतौंला
प्रमुख प्रशासकीय अधिकृत